# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. नेपालद्वारा प्रभु बैंक लिमिटेडको शाखा कार्यालय उद्घाटन

गभर्नर डा. चिरंजीबि नेपालले पुस ३ गते, आइतबार मनाङको चामेमा प्रभु बैंक लिमिटेडको शाखा उद्घाटन गर्नुभयो । उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै गभर्नर डा. नेपालले यस क्षेत्रमा वाणिज्य बैंकहरूको शाखा स्थापनाले यस क्षेत्रका वासिन्दाहरूलाई वित्तीय सेवा उपलव्ध गराई वित्तीय पहुँच अभिवृद्धिमा सहयोग पुऱ्याउने उल्लेख गर्नु भयो ।



सो कार्यक्रममा उहाँले ग्रामीण क्षेत्रमा समेत लगानीका अवसरहरु पहिचान गरी यहाँका वासिन्दाहरुमा उद्यमशीलताको विकासमा सहयोग पुऱ्याउन बैंक तथा वित्तीय संस्थाहरूलाई आग्रह गर्नु भयो ।

ग्रामीण क्षेत्रमा वित्तीय पहुँच पुऱ्याउने उद्देश्य लिएर स्थापना हुने वाणिज्य बैंकहरूको कार्यको प्रसंशा गर्दै उहाँले यस क्षेत्रमा स्याउको व्यावसायिक उत्पादनको प्रशस्त अवसरहरु रहेकोले बैंकको लगानीले स्याउ व्यवसायीहरूलाई लगानीका लागि आर्थिक स्रोत जुटाउन सहयोग पुग्ने बताउनु भयो ।

साना साना व्यवसाय देशमै सुरु गरे अवसर नै अवसर भएको मुलुकमा सफल व्यवसायी बन्न सकिने बताउनु हुँदै बैंक तथा वित्तीय संस्थाको विस्तारले सानो सानो बचतको परिचालन हुने र बचतकर्ताले समेत त्यसको उचित प्रतिफल प्राप्त गर्ने बताउनु भयो ।

बैंकिङ्ग पहुँचले बचत परिचालन र कर्जा प्रवाहको माध्यमबाट जनताको आर्थिक उन्नति हुनुका साथै देश आर्थिक रूपमा समृद्ध हुँदै जाने बताउनुभयो ।

अन्त्यमा, गभर्नर डा. नेपालले नयाँ शाखाहरु विस्तार गरेकोमा बैंकलाई शुभकामना दिँदै यी क्षेत्रहरुमा बैंकले सुलभ सेवा दिई आर्थिक विकासमा महत्वपूर्ण योगदान दिने विश्वास व्यक्त गर्नु भयो ।

२०७३ पुस ३, आइतबार

गभर्नरको कार्यालय